


# जर्मनीलाई लाइफ लाइन



जर्मनी २ — रुइस ४८'', क्रुस ९०+४'
स्विडेन १ — टोइभोनेन ३२'

लन्डन, (एजेन्सी)

जर्मनीलाई लाइफ लाइन दिने क्रममा खेलको इन्ज्यूरी समयको अन्तिम ३० सेकेन्डमा विजयी गोल गर्दै टोनी क्रुस नायक सावित बनेका छन्।

उनको निर्णायक गोलसँगै जारी विश्वकपको समूह 'एफ' को दोस्रो चरणको खेलमा १० खेलाडीमा सीमित डिफेन्डिङ च्याम्पियन जर्मनीले स्वीडेनलाई २-१ ले हरायो। शनिबार राति भएको सो खेलको अधिकांश समय जर्मनीले स्वीडेनलाई दबाबमा राखेको थियो। जर्मनीका थुप्रै प्रहारलाई स्वीडेनको बलियो रक्षापंक्तिले रोकेको थियो। खेलमा अग्रता भने स्वीडेनले लिएको थियो। खेलको ३२औं मिनेटमा वला टोइभोनेनले जर्मनीका गोलरक्षकलाई चिप गर्दै गोल गरेका थिए। पहिलो हाफ १-० मा सकिएको उक्त खेलको दोस्रो हाफमा भने जर्मनीले निकै आक्रामक खेल पस्केको थियो।

खेलको ४८औं मिनेटमा जर्मनीका मार्को रुइसले गोल गर्दै खेल बराबरीमा ल्याएका थिए। बराबरीको नतिजापछि जर्मनीले थप गोलका लागि थुप्रै आक्रमण बुनेका थिए। तर खेलको ८२औं मिनेटमा भने जर्मनीलाई झट्का लाग्यो। जेरोम बोयटेंगले रातो कार्ड (दोहोरो पहेँलो कार्ड) खाँदै मैदान बाहिरिएपछि जर्मनी १० खेलाडीमा सीमित भएको थियो।

तर रक्षात्मक शैलीलाई निरन्तरता दिइरहेको स्वीडेनले भने १० खेलाडीमा खुम्चिएको जर्मनीविरुद्ध फाइदा लिन सकेन। बरु उल्टै हार बेहोर्नुपर्‍यो। निर्धारित ९० मिनेटपछि खेलमा ५ मिनेट थपिएको थियो। जुन सकिन ३० सेकन्ड बाँकी रहेको अवस्थामा टोनी क्रुसले फ्रि किकबाट उत्कृष्ट गोल गर्दै जर्मनीलाई २-१ को महत्त्वपूर्ण जित दिलाए।

जितसँगै समूह 'एफ' मा रहेको जर्मनीले ३ अंक जोडेको छ। स्वीडेनले पनि समान ३ अंक जोडेको छ। समूहको शीर्ष स्थानमा रहेका मेक्सिकोले भने ६ अंक जोड्दै अन्तिम १६ मा स्थान पक्का गरिसकेको छ। अब जर्मनीले समूह चरणको अन्तिम म्याच २ खेलमा हार व्यहोरेर बाहिरिसकेको दक्षिण कोरियासँग खेल्नेछ। स्वीडेनले भने मेक्सिकोको सामना गर्नेछ। अन्तिम खेलमा जर्मनी र स्वीडेन जसले स्पष्ट जित निकाल्नेछ, उही नै अघिल्लो चरणमा प्रवेश गर्नेछ। यदी दुवै खेलमा बराबरी भए गोल अन्तर निर्णायक हुनेछ।

# इङ्ल्यान्डद्वारा गोलवर्षा

मस्को, (एजेन्सी)

रसियामा जारी फिफा विश्वकपमा इङल्यान्डले गोलवर्षा गर्दै पानामालाई पराजित गरेको छ।

समूह 'जी'अन्तर्गत आइतबार भएको दोस्रो चरणको खेलमा इङल्यान्डले पानामालाई ६-१ को भारी गोलअन्तरले पराजित गरेको हो। इङल्यान्डको जितमा कप्तान ह्यारी केनले ह्याट्रिक गर्दा जोन स्टोन्सले २ तथा जेसे लिन्गार्डले १ गोलको योगदान गरेका थिए।

इङलिस टोलीले खेलको ८औं मिनटमै स्टोन्सको गोलबाट खाता खोलेको थियो। यस्तै कप्तान केनले २२औं मिनेटमा पेनाल्टीमार्फत इङल्यान्डको अग्रता दोब्बर पारे। लिन्गार्डले ३६औं मिनेटमा तथा स्टोन्सले ४०औं र केनले इन्ज्युरी समयको पहिलो मिनेटमा व्यक्तिगत दोस्रो गोल गर्दै मध्यान्तरसम्म इङल्यान्डलाई ५-० को स्थितिमा राखे।

यसैगरी खेलको ६२औं मिनेटमा थप एक गोल गर्दै केनले आफ्नो ह्याट्रिक पूरा गरे। योसँगै जारी विश्वकपमा सर्वाधिक ५ गोल गरेर उनी गोल्डेन बुटको बलियो दाबेदार बनेका छन्। साथै उनी विश्वकपमा ह्याट्रिक गर्ने इङल्यान्डका तेस्रो खेलाडी हुन्। यसअघि १९६६ मा जेओफ हर्स्ट र १९८६ मा गेरी लिनेकरले ह्याट्रिक गरेका थिए।

समूह चरण पार गरेका इङल्यान्ड र बेल्जियम समूह 'बी'मा समान ६ अंकसहित संयुक्तरूपमा शीर्ष स्थानमा छन्। नवोदित टोली पानामा र अफ्रिकी टोली ट्युनिसिया प्रतियोगिताबाट बाहिरिएका छन्।

केन गोल्डेन बुटको बलियो दाबेदार

इङल्यान्डका स्टार ह्यारी केनले पोर्चुगलका क्रिस्टियानो रोनाल्डो र बेल्जियमका रोमेलु लुकाकूलाई उछिनेका छन्। उनले विश्वकपमा ५ गोल गर्दै रोनाल्डो र लुकाकूलाई उछिनेका हुन्।

आइतबार पानामालाई ६-१ गोलले हराएको खेलमा उनले ह्याट्रिक गर्दै गोल्डेन बुटको आफू प्रमुख दाबेदार भएको जनाउ दिए। उनले यसअघि ट्युनिसियासँगको खेलमा २ गोल गरेका थिए। रोनाल्डोले स्पेनविरुद्ध ३ र मोरक्कोविरुद्ध १ गोल गरेका थिए। लुकाकूले पानामाविरुद्ध २ र ट्युनिसियाविरुद्ध २ गोल गरेका थिए।

इङ्ल्यान्ड ६ — स्टोन्स ८', ४०'; केन २२', ४५', ६२'; लिन्गार्ड ३६'
पानामा १ — बालोय ७८'



# होन्डाले जापानलाई बचाए



जापान २ — इनुई ३४', होन्डा ७८'
सेनेगल २ — माने ११', मौसा ७१'

मस्को, (एजेन्सी)

जारी विश्वकपको समूह 'एच'अन्तर्गत दोस्रो चरणको खेलमा केइसुके होन्डाले जापानलाई हारबाट बचाएका छन्।

आइतबार रातिको खेलमा सेनेगलले २-१ को अग्रता बनाएको अवस्थामा होन्डाले गोल फर्काएर जापानलाई एक अंक दिलाएका हुन्। उनको गोलपछि थप गोल नहुँदा खेल २-२ बराबरीमा टुंगियो। दुबै टोलीले समान ४/४ अंक जोडेको छ। अन्तिम १६ मा पुग्न यी दुबै टोलीका लागि अर्को खेलमा बराबरी नतिजा नै पर्याप्त हुनेछ।

खेलको ११ औं मिनेटमा नै सेनेगलले अग्रता लिएको थियो। गोलकिपर कावाशिमाले पन्च गरेको बल साडियो मानेसँग डिफ्लेक्ट भएर गोल भएको थियो। इनुई टाकाशीले ३४औं मिनेटमा चार डिफेन्डरको बीचबाट सुन्दर गोल गरेर खेल बराबरीमा पुर्‍याएका थिए।

फेरि एकपटक सेनेगलले खेलमा पकड बनायो। ७१औं मिनेटमा मौसा वागले नियांगको पासमा गोल गरेर सेनेगललाई २-१ को अग्रतामा ल्याए। यो अग्रता धेरै बेर टिकेन। ७ मिनेटपछि नै केइसुके होन्डाले गोल गरेर खेल पुन बराबरीमा फर्काए। बाँकी समय गोल गर्न नसक्दा दुवै टोलीले अंक बाँडेका छन्। होन्डा तीन विश्वकपमा गोल गर्ने पहिलो जापानी खेलाडीसमेत बनेका छन्।




## प्लेयर्स टु वाच

# डिएगो कोस्टा

(स्पेन)

समूह चरणको पछिल्ला २ खेलमा ३ गोल गरेका स्ट्राइकर डिएगो कोस्टाले मोरोक्कोविरुद्ध पनि थप गोल गर्न सक्नेछन्। ब्राजिलमा जन्म भएर स्पेनको नागरिक बनेका कोस्टाले विश्वकप छनोट चरणमा पनि स्पेनका लागि ५ गोल गरेका थिए। सन् २०१३ मा ब्राजिल राष्ट्रिय टोलीबाट २ खेल खेलिसकेका कोस्टाले सन् २०१४ यता स्पेनबाट खेलेको २२ खेलमा १० गोल गरेका छन्। गत सिजन स्पेनिस क्लब एट्लेटिको मेड्रिडबाट खेलेका उनले १५ खेलमा ३ गोल गरेका थिए।



